# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
( कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा )
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल


प.स. -०७९/०८०( प्र.शा. ०३ )
च.नं. ५६१८

मिति २०७९/११/१६

बिषय :- दैनिक ज्यालादार कर्मचारीहरुको डोर हाजिर पठाउने सम्बन्धमा |

श्री महाशाखा / शाखा / इकाई ,सबै
श्री वडा कार्यालय सबै (१-१९ )
श्री शहरी स्वास्थ्य केन्द्र , स्वास्थ्य चौकी ,पशु सेवा केन्द्र , आयुर्बेद औषधालय,सबै
धनगढी उप-महानगरपालिका

उपरोक्त सम्बन्धमा यस कार्यालयको प.सं.०७८/०७९ च.नं.४२४२ मिति २०७९/०३/३० गतेको पत्र र नगर कार्यपालिकाको मिति २०७९/०५/३१ गतेको निर्णय नं.२७ सबै महाशाखा / शाखा / ईकाई /वडा कार्यालय / शहरी स्वास्थ्य केन्द्र / पशु सेवा केन्द्रमा पत्राचार भएको व्यहोरा जानकारी गराउदै सो पत्रानुसार यस कार्यालयका महाशाखा/ शाखा/ ईकाई /वडा कार्यालय / शहरी स्वास्थ्य केन्द्र / पशु सेवा केन्द्र /आयुर्बेद औषधालय लगायतका स्थानमा कार्य सम्पादनका लागि दैनिक ज्यालादारीमा राखिएका श्रेणीबिहिन तथा अन्य कर्मचारीहरुको निबेदन, निर्णय र टिप्पणी यस कार्यालयको कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखामा पेश गर्नु हुन जानकारी गराइन्छ | साथै डोर हाजिर पठाउदा पेश गर्ने ,सिफारिस गर्ने, प्रमाणित गर्ने तथा प्राबिधिक कर्मचारीहरु सार्बजनिक बिदा तथा शनिबार काम लगाएमा के काममा को संग काम गरेको हो व्यहोरा खुलाई सिफारिस पत्र सहित स्पष्ट डोर हाजिरिमा भएको व्यहोरा खुलाई प्रत्येक महिनाको ३ गते दिउँसो २.०० बजे भित्र यस कार्यालयमा जानकारी पत्र सहित डोर हाजिरी पठाउन हुन जानकारी गराइन्छ | साथै ३ गते २.०० बजेभित्र पेश नभएको डोर हाजिरी अर्को महिना आर्थिक प्रशासन शाखामा पेश हुने व्यहोरा समेत जानकारी गराइन्छ |

०७९/११/१६
.............................
( रामलाल श्रेष्ठ )
प्रमुख प्रशासकीय अधिकृत

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.प्रथम श्रेणी)

बोधार्थ :-
श्री नगर प्रमुख ज्यूको सचिवालय
धनगढी उप-महानगरपालिका
श्री नगर उप-प्रमुख ज्यूको सचिवालय
धनगढी उप-महानगरपालिका
श्री सुचना तथा प्रबिधि शाखा
ध.उ.म.न.पा. :- **website** मा **upload** गरिदिनु हुन |